नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरवार, काठमाडौं।

फोन नं: ०१-४२००५११

प.सं: ०७५।७६
च.नं: १०६

मिति : २०७५/०६/१०

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाडौं २०७४

**श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै**

**विषय: कोषको रकम खर्च नगर्ने सम्वन्धमा ।**

साविक जिल्ला विकास समितिको कोषमा विभिन्न हिसाव अन्तर्गत मौज्दात रहेको (जस्तै आन्तरिक आम्दानी, प्राकृतिक श्रोत निकासी कर, राजश्व वाडँफाँड रकम आदि)रकम हाल रोक्का राख्ने सम्बन्धमा मन्त्रालयको मिति २०७४/०१/२४ च.नं. ६१० बाट निर्देशन प्राप्त गर्नु भएकै छ । गत आर्थिक बर्ष २०७४।७५ मा साविक स्थानीय स्वायत्त शासन ऐन, २०५५ र यस अन्तर्गतका नियमावली बमोजिम राजस्व बाँडफाँड, घरजग्गा रजिष्ट्रेशन शुल्क र आन्तरिक आय ठेक्का बापत संकलन भएको रकम समेत हाललाई रोक्का राख्नु भएकै हुनु पर्छ । चालु आर्थिक वर्षको वजेट वक्तव्यको वुद्धा न. १८१मा स्थानीय तहको समेत लागत साझेदारीमा गाउँपालिका तथा नगरपालिका र वडा कार्यालयको प्रशासकीय भवन निर्माण गर्न जिल्ला समन्वय समितिमा हाल रहेको निष्कृय कोष रकमको उपयोग गर्ने उल्लेख भएको छ । हाल उक्त कोषको रकम जिल्लाका सबै स्थानीय तहले समन्यायिक हिसावले उपयोग गर्ने गरी गाउँपालिका तथा नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ तयार भई स्वीकृतिको अवस्थामा रहेको छ । नयाँ व्यवस्था अनुसार जिल्ला समन्वय समितिलाई आवश्यक पर्ने प्रशासनिक खर्च नेपाल सरकारवाट उपलब्ध गराईएको हुनाले यस कोषवाट प्रशासनिक प्रयोजनमा वा अन्य कुनै प्रयोजनमा सो रकम खर्च वा निकाशा नगरी स्वीकृत निर्देशिका अनुसार स्थानीय तहको प्रशासकीय भवन वा वडा तहको भवन निर्माण गर्ने कार्यमा मात्र खर्च गर्ने व्यवस्था गर्न लागिएको छ ।

उपरोक्त सन्दर्भमा कोषमा रहेको रकम मन्त्रालयको निर्देशन र खर्च गर्ने स्वीकृति बाहेक अन्य क्षेत्रमा खर्च नगर्नु/नगराउनु हुन अनुरोध छ । कोषको रकम कानून विपरित बाँडफाँड र खर्च गरेमा त्यस्तो खर्च गर्ने कर्मचारीलाई कानून अनुसार विभागीय कारवाही हुने व्यवस्था रहेको व्यहोरा मिति २०७५।०६।०९को (माननीय मन्त्रीस्तर) निर्णयानुसार अनुरोध छ ।

जमकराज शर्मा
शाखा अधिकृत

<u>बोधार्थ:</u>

श्री अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं :आवश्यक कार्यार्थ ।

श्री महालेखा नियन्त्रकको कार्यलय, अनामनगर, काठमाडौं:आवश्यक कार्यार्थ ।

श्री सूचना तथा प्रविधि शाखा, websiteमा upload को लागि ।